"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बालंखा,भोजपुर

प.स.२०८१/०८२
च.नं.:- १७८२

मिति:- २०८२/०३/२४

**विषय: नि:शुल्क विरुवा वितरण सम्बन्धमा**

श्री वडा कार्यालयहरु
सबै ।

प्रस्तुत विषयमा डिभिजन वन कार्यालयको प.सं. २०८१/०८२ मिति २०८२/०३/२३ को नि:शुल्क विरुवा वितरण सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्याथ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीको साथ अनुरोध छ ।

धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

Email:ito.aamchokmun@gmail.com
सम्पर्क नं.: ९८५२०८१३३६

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, भोजपुर

कोशी प्रदेश, नेपाल

प.सं.: २०८१/८२
च.नं.:

मिति: २०८२/०३/२३
ने.सं. ११४५, दिल्लाथ्व

२०८२/०३/२३
बिजय कुमार यादव

## नि:शुल्क विरुवा वितरण सम्बन्धी सूचना

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत फलफूलको विरुवा खरिद गरी वितरण क्रियाकलाप संचालनका लागि तपशिल वमोजिमका फलफूलको विरुवा खरीद गरिएको हुँदा मिति २०८२/०३/२४ गते देखि नि:शुल्क रुपमा उक्त विरुवाहरु वितरण गरिने भएकोले ईच्छुक कृषक, वन उपभोक्ता समूह, फर्म, संघ संस्थाहरु सवैलाई डिभिजन वन कार्यालय, भोजपुरमा निवेदन पेश गर्नका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । साथै पहिले आउनेलाई पहिलो प्राथमिकता दिईने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

<u>तपशिल</u>

| सि.नं. | फलफूलको विरुवाको जात | वितरण गरिने स्थान | आवश्यक कागजात | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | आँप | डिभिजन वन कार्यालय, भोजपुर, देउराली | • कृषक/व्यक्तिको हकमा नागरिकताको छाँयाकपी र टिकट सहितको निवेदन ।<br>• फर्म/संस्थाको हकमा फर्म/संस्थाको कागजात, वडाको सिफारिस, जग्गा धनीपूर्जा प्रमाणपत्रको छाँयाकपी सहितको निवेदन ।<br>• वन समूहको हकमा समूहको माग पत्र । | ९८५२०८३३३३, ९८५२०८३३३१ | • कृषक/व्यक्तिको हकमा प्रति प्रजाती बढीमा ३/३ गोटा विरुवा उपलब्ध हुने।<br>• समूह/संस्था/फर्मको हकमा विरुवाको मौज्दात र संस्थाको आवश्यकताको आधारमा विरुवा उपलब्ध हुने । |
| २ | एभोकाडो | | | | |
| ३ | लिची | | | | |
| ४ | सुन कागती | | | | |
| ५ | सुन्तला | | | | |